# मानव अधिकारपत्र

राष्ट्रिय मानव अधिकार आयोगको नियमित प्रकाशन

वर्ष ८ अङ्क ११ बैशाख २०८२


## विपद् व्यवस्थापन र मानव अधिकारसम्बन्धी अन्तरक्रिया कार्यक्रम



राष्ट्रिय मानव अधिकार आयोगको आयोजनामा विपद् व्यवस्थापन र मानव अधिकारसम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। वैशाख २८ गते आयोगको सभाहलमा आयोगको माननीय अध्यक्ष तपबहादुर मगरको अध्यक्षतामा भएको कार्यक्रममा सहभागी सरकारी पदाधिकारी, सुरक्षाकर्मी, विज्ञ र नागरिक सङ्घसंस्थाका प्रतिनिधिहरुले विगतको अनुभवबाट सिक्दै विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको प्रर्याप्त पूर्व तयारी गर्नुपर्नेमा जोड दिएका छन् । कार्यक्रममा सरकारको तयारी विषयमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको कार्यकारी प्रमुख ई. दिनेश भट्टले प्रस्तुति राख्नुभएको थियो। कार्यकारी निर्देशक भट्टले प्रतिकार्य कार्ययोजना निर्माणको अन्तिम चरणमा रहेको जानकारी दिनु भयो । न्यून स्रोत साधनका बाबजुत प्राधिकरण समग्र विपद् न्यूनीकरण र व्यवस्थापनका लागि प्रतिबद्ध रहेको उहाँको भनाइ थियो। त्यसैगरी विषयवस्तुमा केन्द्रित रही आयोगका सहसचिव नवराज सापकोटाले प्रस्तुति गर्नुभएको थियो । प्रस्तुतिमा सरकारको प्रयासका बावजुद विपद्बाट सीमान्तकृत वर्गमा परेका समस्या, सुरक्षा निकायमा प्रर्याप्त प्रविधि, स्रोतसाधन र उपकरणको अभाव, प्रभावकारी विपद्

व्यवस्थापनमा कठिनाइजस्ता विषय समावेश गरिएको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै आयोगका सचिव मुरारिप्रसाद खरेलले आयोगले विगतमा पनि विपद्पश्चात अनुगमन गरी सरकारलाई आवश्यक कार्यार्थ सिफारिस गरेको उल्लेख गर्दै पूर्वमनसुनको समयमा नै सरकारको तयारी प्रर्याप्त होस् भन्ने उद्देश्यले अन्तरक्रिया कार्यक्रम राखिएको बताउनुभयो ।

आयोगका माननीय सदस्य डा. सुर्य ढुंगेलले सरकारको विविध प्रयासका बाबजुत नागरिकको जीउज्यानको पूर्ण सुरक्षित अवस्था नभएको वताउनु भयो । राज्यका निकायहरूबीच समन्वय अभाव देखिएकोले राज्य थप संवेदनशील हुनुपर्नेमा जोड दिनुभयो । प्रतिनिधि सभा कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिका माननीय सभापति कुसुमदेवी थापाले विपद्जन्य घटनापश्चात हुन सक्ने मानव अधिकार उल्लङ्घनको जोखिमलाई पूर्वचरणमा नै पुर्वआंकलन गरेर सोहीअनुसार तयारी गर्नुपर्ने धारणा राख्नुभयो । कार्यक्रममा आयोगका माननीय अध्यक्ष तपबहादुर मगरले विपद् व्यवस्थापनमा आयोगको अनुभव टर्कीमा गएको भूकम्पपश्चात त्यहाँको राष्ट्रिय मानव अधिकार आयोगले पनि सिकाइको रूपमा लिएको स्मरण गर्दै नागरिकको जीउधनको सुरक्षाका लागि राज्यले प्रर्याप्त तयारी गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा काठमाडौं उपत्यकाका तीनै जिल्लाका प्रमुख जिल्ला अधिकारीहरु, तीनैवटा सुरक्षा निकायका विपद् तथा मानव अधिकार मामिला हेर्ने प्रमुखहरू, काठमाडौंका स्थानीय तहहरु, अस्पताल, खाद्यन्न, सडक, वन, रेडक्रस, गैरसरकारी संस्था महासङ्घ आदिका प्रमुख/प्रतिनिधिको सहभागिता रहेको थियो ।

## मानव अधिकारसम्बन्धी कार्ययोजना कार्यान्वय सम्बन्धमा छलफल

### आयोगको सुदूरपश्चिम प्रदेश कार्यालय र अन्य गैरसरकारी संस्थाहरूवीच छलफल



आयोगको सुदूरपश्चिम प्रदेश कार्यालयले नेपाल सरकारको मानव अधिकारसम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना र विश्वव्यापी आवधिक पुनरावलोकन (तेस्रो चक्र) बाट प्राप्त सिफारिस कार्यान्वयन कार्ययोजनालाई कार्यान्वयनमा लैजान मानव अधिकार क्षेत्रमा कृयाशील सङ्घसंस्थाहरूबीच समन्वय, सहकार्य र सहजीकरण गर्ने उद्देश्यले वैशाख २२ गते सरोकारवालाहरूसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ ।

आयोगको कार्यालयको सभाहलमा सम्पन्न उक्त कार्यक्रममा प्रदेशमा कार्यरत संयुक्त राष्ट्रसङ्घका

विशिष्टीकृत संस्थाहरू (UN Agencies) र गैरसरकारी संस्थाहरूको सहभागिता रहेको थियो । अन्तरक्रियात्मक छलफल कार्यक्रमबाट मुख्यतः निम्न विषयहरूमा समन्वय र सहकार्यको साझा सहमति भएका छन् :

- नेपालको मानव अधिकारसम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजनाले समेटेका १७ वटा विषय तथा विश्वव्यापी आवधिक पुनरावलोकन (तेस्रो चक्र) बाट प्राप्त सिफारिस कार्यान्वयन कार्ययोजनाले समेटेका १९ वटा विषयहरूलाई प्रभावकारी कार्यान्वयनका लागि संस्थाहरूले समन्वय र सहकार्यको भूमिका निर्वाह गर्ने ।
- उल्लिखित कार्ययोजनाको प्रदेश समन्वय समितिको बैठकका लागि राष्ट्रिय मानव अधिकार आयोग सुदूरपश्चिम प्रदेश कार्यालयले समन्वय गर्ने ।
- कार्ययोजनाको पृष्ठभूमिमा उल्लेख भएबमोजिम कार्ययोजना कार्यान्वयनका लागि प्रदेश सरकारलाई



जिम्मेवार बनाएको विषयमा सुदूरपश्चिम प्रदेश सरकारको आगामी आर्थिक वर्षको बजेट, नीति तथा कार्यक्रममा सम्बोधन गर्न जिम्मेवार बनाउने ।
- प्रदेशका मानव अधिकारका सवालहरूको संरक्षण, सम्बर्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनका लागि आयोग, प्रदेशमा कृयाशील संयुक्त राष्ट्रसङ्घीय संस्थाहरू (UN Agencies) र गैरसरकारी संस्थाहरूबीच नियमित समन्वय र सहकार्य गर्ने ।

## आयोगको सुदूरपश्चिम प्रदेश कार्यालय र प्रदेश नीति तथा योजना आयोगबीच छलफल

आयोगको सुदूरपश्चिम प्रदेश कार्यालय र प्रदेश नीति तथा योजना आयोगबीच 'प्रदेशका समग्र मानव अधिकारका सवाल र मानव अधिकारसम्बन्धी कार्ययोजना कार्यान्वयनमा यी दुई आयोगको भूमिका' विषयमा वैशाख ११ गते छलफल कार्यक्रम सम्पन्न भएको छ ।

नेपालको मानव अधिकारसम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना तथा विश्वव्यापी आवधिक पुनरावलोकन ( तेस्रो चक्र) बाट प्राप्त सिफारिस कार्यान्वयन कार्ययोजना कार्यान्वयनमा राष्ट्रिय मानव अधिकार आयोग र सुदूरपश्चिम प्रदेश सरकार प्रदेश नीति तथा योजना आयोगको समन्वय र सहकार्य अभिवृद्धि गर्ने उद्देश्यसहित उक्त छलफल कार्यक्रमको आयोजना गरिएको हो ।

दुई आयोगहरूबीच भएको उक्त छलफल कार्यक्रम सहसचिव प्रकाशदत्त भट्टबाट प्रस्तुत विषयकेन्द्रित प्रस्तुतीकरणमा केन्द्रित रहेको थियो ।

दुवै कार्ययोजनामा राज्यका तीनवटै तहले नीति, योजना, बजेट तथा कार्यक्रम तर्जुमा गर्दा यी कार्ययोजनालाई मार्गदर्शनको रूपमा लिई कार्यान्वयन गर्दै जानुपर्नेमा सहभागीहरूको जोड रहेको थियो । प्रदेश नीति तथा

योजना आयोगका मा. उपाध्यक्ष डा. जीवन रानाले सुदूरपश्चिम प्रदेशका मानव अधिकारका सवाललाई समेटेर बजेट निर्माण गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा प्रदेश नीति तथा योजना आयोगका मा. उपाध्यक्ष डा. जीवन राना, मा. सदस्यहरू शेरबहादुर भण्डारी, नृपबहादुर सुनार, कर्णबहादुर कुँवर र नि. सचिव वीरबहादुर धामीको सहभागिता रहेको थियो ।

## एचआईभी.सङ्क्रमित व्यक्तिहरूको मानव अधिकार अवस्था अनुगमन






आयोगले मधेश प्रदेशअन्तर्गत धनुषा र पर्सा जिल्लाका एचआईभी सङ्क्रमित व्यक्तिहरूको मानव अधिकार आवस्था सम्बन्धमा अनुगमन सम्पन्न गरेको छ ।

आयोगको केन्द्रीय कार्यालय र मधेश प्रदेश कार्यालयबाट खटिएका अनुगमन टोलीले संयुक्त रूपमा वैशाख १ देखि १६ गतेसम्म स्थलगत अनुगमन गरेको हो । टोलीले अनुगमनको क्रममा एआरटी सेन्टरहरूबाट सङ्क्रमितहरूले प्राप्त गरिरहेको सेवाको अवस्थाको अनुगमन र सरोकारवाला निकाय तथा सम्बन्धित पीडित व्यक्तिहरूसँग व्यक्तिगत र समूहगत छलफल गरी जानकारी प्राप्त गरेको थियो ।

यसैगरी आवश्यक सूचना सङ्कलनको क्रममा मधेश प्रदेशको जनकपुरधाममा नीति संवाद कार्यक्रम गरिएको थियो । कार्यक्रममा सहभागीहरूबाट एचआईभी सङ्क्रमितहरूलाई परिवार र समाजले समेत अपहेलना गर्ने गरेको, अस्पतालहरूमा गरिने सामान्य उपचारदेखि र शल्यक्रिया गर्दा समेत विभेद हुने गरेको विषय उठान गरिएको थियो । विभिन्न बहाना बनाइ स्वास्थ्यकर्मीहरू एकले अर्कोलाई देखाउदै टार्ने तथा अन्यत्र पठाउने, तीनै तहका सरकारबाट पोषण एवम् सङ्क्रमितलाई हुने अन्य रोगको उपचार तथा उनीहरूको जिविकोपार्जनमा ध्यान नदिने जस्ता विषयहरूमा पनि चर्चा भएको थियो । छलफलमा आएका विषयमा ध्यानाकर्षण भएको भन्दै मधेश प्रदेश स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री शत्रुधनप्रसाद



सिंहले आगामी बजेटबाट सम्बोधन गर्ने प्रतिबद्धता जनाउनुभएको थियो । आयोगका मधेश प्रदेश कार्यालय प्रमुख बुद्धनारायण साहनीको अध्यक्ष्यता र मधेश प्रदेशका स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रीको प्रमुख आतिथ्यता रहेको उक्त कार्यक्रममा उपसचिव लोकनाथ बास्तोलाको प्रस्तुतीकरण र उपसचिव जीवन न्यौपानेको स्वागत मन्तव्य रहेको थियो ।

आयोगले अनुगमनबाट प्राप्त तथ्य र जानकारीको आधारमा प्रतिवेदन तयार पारेको छ । सोही प्रतिवेदनको आधारमा तीन तहकै सरकारको नीति, योजना, बजेट तथा कार्यक्रममा एच.आई.भी. सङ्क्रमित लक्षित मानव अधिकार संरक्षणका लागि जनचेतना बढाउन, मनोपरामर्श अभिवृद्धि गर्न र जीविकोपार्जन एवं आयआर्जन वृद्धि हुने गरी सीपमूलक कार्यक्रम सञ्चालन गर्न सिफारिस गरेको छ ।

आयोगले यसअघि वाग्मती, लुम्बिनी, कर्णाली, सुदूर पश्चिम र गण्डकी प्रदेशमा एच,आई,भी, सङ्क्रमित व्यक्तिहरूको मानव अधिकार अवस्था अध्ययन/अनुगमन गरी तीनै तहका सरकारहरूलाई आवश्यक व्यवस्था गर्न र कार्यक्रम सञ्चालनको लागि सिफारिस गरिसकेको छ ।

## प्रतिवेदन सिफारिस कार्यान्वयनको अवस्थासम्बन्धी अन्तरक्रिया






राउटे समुदायको मानव अधिकार अवस्था सम्बन्धमा अध्ययन गरी आयोगले तयार पारेको प्रतिवेदनको सिफारिस कार्यान्वयन अवस्था सम्बन्धमा आयोगले वैशाख २१ गते सरोकारवालाहरूबीच अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ । आयोगले कर्णाली प्रदेशमा घुमन्ते-फिरन्ते जीवनशैलीमा रहेका राउटे समुदायको मानव अधिकार अवस्था अध्ययन प्रतिवेदन २०८१ सार्वजनिक गरी तीनै तहको सरकारलाई सिफारिस गरिसकेको छ । कार्यक्रममा आयोगका सहसचिव नवराज सापकोटाले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभएको थियो ।

सामुहिक अधिकार महाशाखा प्रमूख लोकनाथ वास्तोलाले लोपोन्मुख राउटे समुदायको मानव अधिकार अवस्था अध्ययन प्रतिवेदनको सिफारिस कार्यान्वयनको अवस्थासम्बन्धी प्रस्तुतीकरण राख्नुभएको थियो ।

कार्यक्रमका सहभागिहरूले आयोगको प्रतिवेदनमा उल्लेखित सिफारिसको कार्यान्वयनमा राज्य संवेदनशील हुनुपर्नेमा जोड दिएका थिए । यसैगरी उनीहरूको अधिकार संरक्षण गर्न सबै सरोकारवाला निकायहरू थप संवेदनशील भई आवश्यक कार्यक्रम सञ्चालन गर्न समेत जोड दिइएको थियो ।

प्राकृतिक जीवनशैलीमा रमाइरहेका राउटे समुदायमा बाह्य हस्तक्षेप र संगतले उनीहरूको जीवनशैली नै जोखिममा परेको विषयमा छलफल भएको थियो ।

आयोगले स्थलगत अध्ययन गरी प्रतिवेदनससहित नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहलाई सिफारिस गरिसकेको छ । लोपोन्मुख राउटे समुदायको जनसङ्ख्या बिस्तारै घट्दो क्रममा रहेको (हाल १३५ जना रहेको), जन्म दर्ता, विवाह दर्ता, मृत्यु दर्तालगायत कुनै पनि पञ्जिकरण नभएको, उमेरले योग्य युवा र युवतीले फरक गोत्रमा उमेरअनुसारको योग्य नहुनाले विवाहमा समस्या देखिएको र नयाँ मानिसहरूको प्रवेशले उनीहरूको बानी व्यवहार तथा जीवनशैलीमा नकारात्मक परिवर्तन आएको प्रतिवेदनले औंल्याएको छ ।

आयोगका मा. सदस्य डा. सूर्य ढुंगेलको अध्यक्षता र सङ्घीय महिला तथा सामाजिक मामिला समितिका सभापति मा. किरणकुमार साहज्यूको प्रमूख आतिथ्यता रहेको उक्त कार्यक्रममा प्रतिनिधि सभा सदस्य मा. सीताकुमारी राना, आयोगका सचिव श्री मुरारिप्रसाद खरेल, आदिवासी जनजाति आयोगका सचिव नुरहरि खतिवडाको सहभागिता रहेको थियो । यसै गरी प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय र सरोकारवाला मन्त्रालयका प्रतिनिधिहरू, आदिवासी जनजाति उत्थान प्रतिष्ठानलगायत सरोकारवाला सङ्घसंस्थाहरू र राष्ट्रिय मानव अधिकार आयोगका कर्मचारीहरू गरी करिब ६० जनाको उपस्थिति रहेको थियो ।

## सार्वजनिक सेवा प्रवाहको अवस्था अनुगमन

आयोगको सुदूरपश्चिम प्रदेश कार्यालयले कञ्चनपुर जिल्लाका विभिन्न सरकारी तथा सार्वजनिक निकायहरूबाट प्रवाह गरिने सेवाको अवस्था र गुणस्तरको सम्बन्धमा वैशाख १७ र १८ गते मानव अधिकार दृष्टिकोणबाट अनुगमन गरेको छ । आयोगको नियमित वार्षिक कार्यक्रमबमोजिम जिल्लामा सेवाग्राहीहरूको चाप रहने भूमि सुधार तथा मालपोत कार्यालय, नापी कार्यालय, यातायात व्यवस्था कार्यालयहरू र कारागार कार्यालयमा कैदीबन्दीहरूको अवस्था सम्बन्धमा आयोगले अनुगमन गरेको हो ।

अनुगमनमा भूमि सुधार तथा मालपोत कार्यालयमा तोकिएको दरबन्दीको एकजना अधिकृत पनि नहुँदा सेवा प्रवाहमा समस्या रहेको पाइएको छ । कानुनबमोजिम सबै कार्यालयहरूमा सूचना अधिकारीको व्यवस्था गरिएको भए

तापनि गुनासो सुन्ने अधिकारीको व्यवस्था नहुँदा गुनासो व्यवस्थापन प्रभावकारी हुन सकेको पाइएन । यातायात व्यवस्था कार्यालयबाहेकका अन्य कार्यालयहरू अपाङ्गमैत्री नभएको, नागरिक बडापत्रको प्रयोग गरिएको भए पनि सो बमोजिमको प्रभावकारी सेवा उपलब्ध नभएको र क्षतिपूर्तिसहितको नागरिक बडापत्र प्रयोगमा आउन नसकेको लगायतका समस्याहरू रहेको पाइएको छ ।

अनुगमन मुख्यत: सार्वजनिक निकायबाट प्रवाह गरिने सेवा सेवाग्राहीमैत्री भए नभएको सम्बन्धमा केन्द्रित रहेको थियो । अनुगमनमा प्राप्त जानकारीको आधारमा सेवाप्रवाहमा देखिएका समस्या तथा कठिनाइ र त्यसको न्यूनीकरणका लागि सम्बन्धित कार्यालय प्रमुखसँग छलफलसमेत गरिएको थियो । यससँगै नेपालको मानव अधिकारसम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना तथा विश्वव्यापी आवधिक पुनरावलोकन (तेस्रो चक्र) बाट प्राप्त सिफारिस कार्यान्वयन कार्ययोजनाका विषयमासमेत सम्बन्धित सरोकारवालाहरूसँग छलफल र अन्तरक्रिया गरिएको थियो । अनुगमनमा आयोगका सहसचिव प्रकाशदत्त भट्ट र मानव अधिकृतद्धय भुपेन्द्रबहादुर धामी र दैवज्ञराज न्यौपानेको सहभागिता रहेको थियो ।

## मानव अधिकार बेचबिखनविरुद्धको अधिकारबारे छलफल




आयोगबाट मानव बेचबिखनविरुद्धको अधिकार सम्बन्धमा आवधिक प्रतिवेदन लेखन कार्यका लागि सम्बन्धित सरकारी निकायहरूसँग राय सुझाव सङ्कलन गर्ने उद्देश्यले वैशाख १९ गते आयोगको सभाहलमा छलफल कार्यक्रम सम्पन्न भएको छ ।

बिश्वभर नै हाल मानव बेचबिखनका घटनाहरू वृद्धि भइरहेको र त्यसको प्रभाव नेपालमा समेत परिरहेको सन्दर्भमा आयोगले पछिल्लो तीन आवको बेचबिखनसम्बन्धी विवरणहरू समावेश गरी आवधिक प्रतिवेदन लेखन कार्यको सुरुवात गरेको छ । यसै सन्दर्भमा प्रस्तुत प्रतिवेदनको नमुना (मोडालिटी) तयार पार्ने र प्रतिवेदनमा समावेश गर्ने मानव बेचबिखनविरुद्धका आयामहरू संकलन गर्ने अभिप्रायले कार्यक्रमको आयोजना गरिएको हो ।

कार्यक्रममा सहभागिहरूले नेपाल बेचबिखनको दृष्टिकोणबाट स्रोत देश र बाटोको देशमात्र नभई गन्तब्य देश पनि भएकोले आयोगले तयार पार्ने आवधिक प्रतिवेदनमा विश्वव्यापी आवधिक समीक्षाको सिफारिस र अन्तर्राष्ट्रिय कानुनी दस्तावेजहरूको आधारमा घरेलु कानुनी व्यवस्था, तथ्याङ्क संकलन, पीडितमैत्री अनुसन्धान र कारबाही प्रक्रियालाई समावेश गर्न र प्रतिवेदनलाई

सरल, पहुँचयोग्य र कार्यान्वयनयोग्य बनाउन सुझावहरू प्रस्तुत भएका छन् ।

यसैगरी पार्लेमो प्रोटोकल अनुमोदन सङ्घीय तहबाट हुने तर यसको कार्यान्वयन प्रदेश तथा स्थानीय तहबाट हुने भएको हुँदा ती क्षेत्रमा कार्यरत प्रहरी तथा कर्मचारीहरूको क्षमता अभिवृद्धि गरिनुपर्नेमा सहभागीहरूले जोड दिएका छन् । सबै तह र निकायहरूको सहभागितामूलक प्रयास गर्नुपर्ने, तीन तहको सरकारलाई जिम्मेवार बनाउन कानुनहरूलाई पूर्णता दिनुपर्ने, पीडितको पहिचानको आधार तय गरिनुपर्ने उहाँहरूको मत थियो । त्यसैगरी प्रविधिको दुरुपयोगबाट हुने घटनाहरू तथा मनोरञ्जन क्षेत्रमा काम गर्ने बालबालिका तथा किशोरीहरूको खण्डीकृत र एकीकृत तथ्याङ्क सङ्कलन गर्न एकद्वार प्रणाली विकास गर्नुपर्नेमा जोड दिइएको थियो । वैदेशिक रोजगारमा गएका श्रमिकहरूको अधिकार सुनिश्चित गर्न नेपाल सरकारका संयन्त्रहरूलाई थप क्रियाशील गराउनुपर्ने, वैदेशिक रोजगारबाट समस्यामा परेकाहरूलाई उद्धार गर्न महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयअन्तर्गत रहेको कोषको कार्यप्रक्रिया सरल, चुस्त र दुरुस्त बनाउनुपर्ने, प्रत्येक जिल्ला र स्थानीय तहमा रहेका मानव बेचबिखनविरुद्धको समितिहरूको प्रभावकारिताबारे समीक्षा गर्नुपर्नेलगायतका सुझावहरूलाई प्राथमिकतमा राखी कार्यान्वयन गर्न पनि सहभागीहरूले ध्यानाकर्षण गराउनुभएको थियो ।

कार्यक्रममा पछिल्लो समय चिनियाँ नागरिकसँग विवाह गरी हिंसामा परेका, विदेशमा यौन हिंसामा परी जन्मेका बालबालिकाहरूको जन्मदर्ता र नागरिकता प्राप्तिमा रहेको समस्या, मानव बेचबिखनका घटनाहरूको न्यून अभिलेखन



र उजुरी दर्ता, पीडितको न्यायमा पहुँच सुनिश्चिता, वैदेशिक श्रमशोषण लगायतका विषयहरूमा समेत छलफल भएको थियो ।

आयोगका मा.सदस्य डा. लिली थापाको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा कानुन न्याय तथा मानव अधिकार समितिका सभापति मा. विमला सुवेदी, महिला तथा सामाजिक मामिला समितिका सभापति मा. किरणकुमार साहको सहभागिता रहेको थियो । यसैगरी आयोगका सचिव, प्रधानमन्त्री कार्यालय, गृह मन्त्रालय, परराष्ट्र मन्त्रालय, श्रम मन्त्रालय, कानुन न्याय तथा संसदीय मामिला मन्त्रालय, महिला बालबालिका जेष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय योजना आयोग, जिल्ला अदालत, महान्यायाधिबक्ताको कार्यालय, नेपाल राष्ट्र बैंक, अस्पतालका ओसीएमसी, बालबालिका खोजतलास केन्द्रलगायतका प्रमुख/प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।

## जिल्लामा मानव अधिकार अवस्था अनुगमन



आयोगको लुम्बिनी प्रदेश शाखा कार्यालयले वैशाख २ देखि ८ गतेसम्म बर्दिया र दाङ जिल्लाका मानव अधिकार अवस्थाको अनुगमन गरेको छ। सेवाप्रदायक सार्वजनिक निकायहरूबाट प्रदान गरिने सेवा र गुणस्तर, जनजीविकाका आधारभूत आवश्यकता र उपलब्ध वस्तु र सेवामा नागरिकहरूको पहुँचको अवस्थालगायतका विषयहरूमा अनुगमन केन्द्रित रहेको थियो।

अनुगमनमा दुवै जिल्लाको मानव अधिकार अवस्था समग्रमा सामान्य रहेको पाइएता पनि तुलनात्मक रूपमा लागु औषधजन्य पदार्थको ओसारपसार र सेवनकर्ताहरूको सङ्ख्या बढिरहेको, गैरकानुनी तवरले विदेशिने र यससँगै मानव बेचबिखन तथा ओसारपसारका घटनाहरूमा समेत वृद्धि हुँदै गएको जानकारी प्राप्त भएको छ। पछिल्लो समय सामाजिक सञ्जाल र विद्युतीय प्रविधि (डिजिटल प्लेटफर्म)-लाई मानव बेचबिखन तथा ओसारपसारको उपयुक्त माध्यमको रूपमा प्रयोगमा ल्याई किशोरीहरूलाई प्रलोभनमा पार्ने गरेको भन्दै केही स्थानीय तहहरूले मानव बेचबिखनविरुद्ध काम गर्न स्थानीय समितिसमेत गठन गरी काम गरिरहेको अनुगमनमा पाइएको छ।

यसैगरी जिम्मेवार निकायहरूबाट नियमित बजार अनुगमन नहुँदा पसलपिच्छे उपभोग्य वस्तुको मूल्य फरक-फरक हुने गरेको र महंगी बढ्नुका साथै म्याद नाघेका अखाद्य वस्तुहरूको बेचबिखन भइरहेको व्यापक जनगुनासो पाइएको छ। सरकारी निकायहरूबाट चाडपर्वलक्षित अनुगमन हुने गरेको भएता पनि नियमित बजार अनुगमन हुने नगरेको पाइएको छ। विपद् जोखिम व्यवस्थापनका लागि पुर्वतयारीभन्दा प्रतिकार्यमा बढी जोडबल हुने गरेको र यस सम्बन्धमा विभिन्न निकायहरूबीच उचित समन्वयको अभाव रहेको जानकारी प्राप्त भएको छ।



यस्तै मानव अधिकारसम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना कार्यान्वयनको अन्तिम वर्षसम्म पनि सरोकारवाला निकायहरू यसबारे पर्याप्त जानकारसमेत नभएको पाइएको छ। दुवै जिल्लाका हिरासत र कारागारहरूमा कैदी-बन्दीको सङ्ख्या क्षमताभन्दा बढी रहेको पाइएको छ। सरकारी अस्पतालहरूमा निःशुल्क रूपमा उपलब्ध हुनुपर्ने औषधीकोसमेत अभाव रहँदा सेवाग्राही निजी स्वास्थ्य संस्थामा जानुपर्ने बाध्यता रहेको छ। स्वास्थ्य बिमाबाट



सहजै सबै प्रकारको स्वास्थ्य सेवा लिन कठिन रहेको पाइएको छ । सार्वजनिक सेवा प्रदायक निकायहरूमा नागरिक बडापत्रको उचित उपयोग भएको नपाइएको र कर्मचारीहरूबाट सेवाग्राहीमैत्री व्यवहार नभएको गुनासो प्राप्त भएको छ ।

अनुगमनको क्रममा टोलीले स्थलगत अनुगमन, सार्वजनिक सेवाप्रदायक संस्थाहरूबाट प्रदान गरिने सेवाको प्रत्यक्ष निरीक्षण, सरकारी निकायका अधिकारीहरू, सेवाग्राहीहरू, नागरिक समाज, मानव अधिकार रक्षक तथा मानव अधिकारकर्मीहरूसँग रुजुसूचीको आधारमा अन्तर्वार्ता, सोधपुछ र छलफललगायतका गुणात्मक विधिहरूको प्रयोगमार्फत जानकारी सङ्कलन गरेको थियो । अनुगमनमा प्राप्त जानकारीको आधारमा प्रतिवेदन तयार पारी निर्णयको लागि आयोगमा पेस गरेको छ । अनुगमन टोलीमा मानव अधिकृतहरू द्वारिकाकुमारी अधिकारी, धनराज शाही र दयाराम पाठकको सहभागिता रहेको थियो ।

## आयोगको सुदूरपश्चिम प्रदेश कार्यालय र प्रदेश प्रहरी कार्यालयबीच छलफल



आयोगको सुदूरपश्चिम प्रदेश कार्यालय र सुदूरपश्चिम प्रदेश प्रहरीबीच वैशाख ७ गते नेपालको मानव अधिकारसम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजनाअन्तर्गत कारागार तथा हिरासत सुधारको अवस्था र भावी कार्यदिशासम्बन्धी छलफल कार्यक्रम सम्पन्न भएको छ । हिरासत तथा कारागार सुधारका सम्बन्धमा नेपालको मानव अधिकारसम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजनाले समेटेका विषयहरू र त्यसको कार्यान्वयनको लागि तोकिएका जिम्मेवार निकायहरूको भूमिका र भावी कार्यदिशाका बारेमा आयोगका सहसचिव श्री प्रकाशदत्त भट्टले प्रस्तुतिकरण गर्नुभएको थियो । सुदूरपश्चिम प्रदेशमा रहेका कारागार तथा हिरासत कक्षको अवस्था, सुधार गर्नुपर्ने क्षेत्रका बारेमा प्रहरी नायब उपरीक्षक श्री रमेशदत्त



अवस्थीले आफ्नो प्रस्तुति राख्नुभएको थियो। कार्यक्रममा सहभागीहरूले नेपालको मानव अधिकारसम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजनाले कारागार तथा हिरासत कक्ष सुधारका लागि जिम्मेवार बनाएका निकायलाई तोकिएको जिम्मेवारी पूरा गर्नका लागि समन्वय तथा सहजीकरणमा जोड दिनुभएको थियो । सुदूरपश्चिम प्रदेशको मानव अधिकारका सवालमा समन्वय र सहकार्य गर्ने विषयमा समेत छलफल भएको थियो। प्रहरी अधिकारीहरूले नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण तथा समन्वय) ऐन, २०७६ को दफा ३ (झ) मा आधारभूत मानव अधिकारको रक्षा शान्ति, र सुव्यवस्था एवम् अमनचयन कायम गरी सुशासन प्रवर्धनका लागि प्रतिबद्धता जनाउनु भएको थियो ।

सुदूरपश्चिम प्रदेश प्रहरीका निमित्त कार्यालय प्रमुख वरिष्ठ प्रहरी उपरीक्षक प्रकाश मल्लको अध्यक्षता र आयोगका सुदूरपश्चिम प्रदेश कार्यालयका कार्यालय प्रमुख सहसचिव प्रकाशदत्त भट्टको विशेष उपस्थितिमा प्रदेश प्रहरीको कार्यालयमा सम्पन्न उक्त कार्यक्रममा कञ्चनपुरका प्रहरी उपरीक्षक र कैलालीका नायब प्रहरी उपरीक्षक, प्रहरी निरीक्षकलगायत प्रहरी कर्मचारी र आयोगबाट मानव अधिकार अधिकृतहरुको सहभागिता रहेको थियो ।

## लैंङ्गिक हिंसा र महिलाको यौन तथा प्रजनन् स्वास्थ्य अधिकारसम्बन्धी तालिम





आयोग र संयुक्त राष्ट्रसङ्घीय जनसङ्ख्या कोष (यूएनएफपीए) को संयुक्त आयोजनामा आयोगका कर्मचारीहरूका लागि लैंङ्गिक हिंसा (GBV) र महिलाको यौन तथा प्रजनन् स्वास्थ्य अधिकार (SRHR) सम्बन्धी तीन दिने आवासीय तालिम सम्पन्न भएको छ। मानव अधिकार उल्लङ्घनका घटनाहरूमा आयोग र सरोकारवालाहरूको संस्थागत तथा मानवीय क्षमता अभिवृद्धि गर्दै लैङ्गिक-संवेदनशील भई अनुसन्धान, अनुगमन, दस्तावेजीकरण र प्रतिवेदनको लागि सैद्धान्तिक र व्यवहारिक सीप प्रदान गर्ने र यौन तथा प्रजनन् स्वास्थ्य अधिकारको सुरक्षा गर्दै लैंङ्गिक हिंसाविरुद्धको अभियानलाई थप बढावा दिने उद्देश्यसहित सो तालिमको आयोजना गरिएको हो । तालिम लैङ्गिक हिंसाविरुद्धका घटनाहरू र महिलाका यौन तथा प्रजनन स्वास्थ्य अधिकारका विषयहरूलाई लैङ्गिक-

रूपान्तरणकारी र पीडित-केन्द्रित दृष्टिकोणबाट जवाफदेहिता र उत्तरदायित्व सुनिश्चिता गर्ने विषयमा केन्द्रित रहेको थियो ।

तालिम कार्यक्रमको उद्घाटनसत्रको अध्यक्षता गर्दै आयोगका सचिव मुरारिप्रसाद खरेलले तालिम महिलाका यौन तथा प्रजनन् स्वास्थ्य र लैंङगिक हिंसाजन्य घटनाहरूको अनुसन्धान, अनुगमन र प्रतिवेदन लेखन कार्यमा थप निखारता ल्याउन थप सहयोगी हुने उल्लेख गर्नुभयो । कार्यक्रममा संयुक्त राष्ट्रसङ्घ जनसङ्ख्या कोष (यूएनएफपीए) का कमला खत्री बिष्टले महिलाको यौन तथा प्रजनन स्वास्थ्य संवेदनशील विषय भएकोले यसको सम्मान र संरक्षण गर्नुपर्ने र अनुसन्धान अधिकारीहरूले उक्त संवेदनशीलतालाई केन्द्रमा राखी अनुसन्धान गरिनुपर्ने बताउनुभयो । कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै महिला तथा समावेशीकरण महाशाखा प्रमुख गीताकुमारी दाहालले स्वागत मन्तव्य राख्नुभएको थियो । कार्यक्रमको सहजीकरण मानव अधिकार अधिकृत सनिक्षा बादेले गर्नुभएको थियो ।

तलिममा प्रजनन् स्वास्थ्य अधिकारसम्बन्धी राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुनी व्यवस्था, अवस्था, अभ्यास र चुनौतिहरूजस्ता विषय समावेश गरिएका थिए । यसको साथै महिलाको प्रजनन् स्वास्थ्य अधिकार संरक्षणमा आयोगको भूमिका, लैङ्गिकमैत्री र पीडितमैत्री अनुसन्धान/अनुगमन, विपद् र जोखिमको समयमा यौन तथा प्रजनन स्वास्थ्य अधिकारको संरक्षण लगायतका विषय थिए । जाति, लिङ्ग, अपाङ्गता, र सामाजिक-आर्थिक कारकहरूले यौन तथा प्रजनन् स्वास्थ्य सेवाको पहुँचमा पार्ने असरलगायतका विषयहरूमा छलफल भएको थियो ।

## सिफारिस कार्यान्वयनको अवस्था अनुगमन

आयोगको गण्डकी प्रदेश कार्यालयले वैशाख ११ देखि २१ गतेसम्म प्रदेशभित्रका विभिन्न जिल्लाहरूमा विश्वव्यापी आवधिक समीक्षाको तेस्रो चक्रबाट नेपाललाई प्राप्त सिफारिसहरूको कार्यान्वयनको अवस्था सम्बन्धमा अनुगमन गरेको छ ।



तनहुँ, गोरखा लमजुङ र नवलपरासी बर्दघाट सुस्तापूर्व जिल्लाका स्थानीय तहहरूमा गरिएको अनुगमनबाट मानव अधिकारका सम्बन्धमा तयार गरेका योजना, नीति तथा कार्यक्रमहरूका सम्बन्धमा स्थलगत अनुगमन र सम्बन्धित निकाय तथा सरोकारवालाहरूसँग छलफल गरी जानकारी लिइएको थियो । अनुगमनमा मानव अधिकार अधिकृतद्धय टंकप्रसाद खनाल र सरोज गौलीको सहभागिता रहेको थियो । संयुक्त राष्ट्रसंघ मानव अधिकार परिषद्को तेस्रो चक्रको विश्वव्यापी आवधिक पुनरावलोकन (Third Universal Periodic Review)

मा नेपाल सरकारलाई प्राप्त भएका जम्मा २३३ वटा सिफारिसहरूमध्ये नेपाल सरकारले १९६ वटा सिफारिसहरू स्वीकार गरेको र ३७ वटा सिफारिसहरू कार्यान्वयनमा रहेको छ। नेपाल सरकारले मानव अधिकार संरक्षण तथा सम्वर्धनको लागि मानव अधिकारसम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना कार्यान्वयनको अन्तिम चरणमा छ। यस कार्ययोजनाले राष्ट्रिय मानव अधिकार आयोगलाई अनुगमनकर्ताको भूमिका प्रदान गरेको छ।

## आयोगका पूर्व-सुरक्षागार्डको पक्षमा सर्वोच्चको आदेश

आयोगका पूर्वसुरक्षागार्ड कौशलप्रसाद सिंहले अवकाशपश्चात् पाउनुपर्ने सेवासुविधा माग गर्दै सर्वोच्च अदालतमा दर्ता गराउनुभएको रिटमाथि वैशाख ३० गते सुनुवाइ गरेको छ। सुनुपाइपश्चात् गरिएको आदेशमा अदालतले नियमानुसार पाउनुपर्ने सेवा-सुविधा उपलब्ध गराउनुपर्ने उल्लेख छ। आयोगमा २०६६ माघ ४ मा प्रवेश गरी २०७३ पुस १ गते अवकास लिएका सिंहले नियमानुसार पाउनुपर्ने सेवा-सुविधा अर्थ मन्त्रालयबाट निकासा नभएपछि आयोगसमेतलाई विपक्षी बनाइ २०७६ साल असोज ८ गते सर्वोच्च अदालतमा रिट दायर गर्नुभएको थियो। सो रिटमा आयोगको तर्फबाट कानून महाशाखा प्रमुख श्यामबाबु काफ्लेले बहस पैरवी गर्नुभएको थियो।

**संकलन/सम्पादन मण्डल**

कैलाशकुमार सिवाकोटी
नेत्रबहादुर गौतम
पवन भण्डारी